# सरावल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

उत्तमा कुमारी राय,
उपाध्यक्ष, सरावल गाउँपालिका
सरावल, नवलपरासी (ब.सु.प.)

# सरावल गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

सरावल गाउँपालिकाका श्रद्धेय अध्यक्ष तथा आठौं गाउँ सभाको अध्यक्षता ग्रहण गर्नु भएका आदरणीय सभाध्यक्ष राधेश्याम चौधरीज्यू, सातै वडाका वडाअध्यक्षज्यूहरू, सम्पूर्ण गाउँ सभाका सदस्य सभासद मित्रहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार लगायत सम्पुर्ण उपस्थित महानुभाव, महिला तथा सज्जन बृन्द ।

राष्ट्रियता लोकतन्त्र, गणतन्त्र, संघीयता र जनजीवनका सवालमा भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।साथै कोभिड १९ बाट निधन भएका व्यक्तिहरूको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीसहित परिवारजनलाइ समवेदना प्रकट गर्दछु र कोभिड १९ संक्रमित भइ उपचाररत रहनुभएका सम्पुर्ण महानुभावहरूको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । राष्ट्रियता स्वाधिनता र स्वाभिमान, लोकतन्त्र, संघीयता, जनजीविका, सुशासन र सम्बृद्धि प्रासिका लागि बिभिन्न आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेतागणहरु र सहभागी सम्पूर्ण तहका आम जनसमुदाय प्रति उच्च सम्मान र प्रशंसा गर्दै उच्च सम्मान प्रकट गर्दछु।

विद्यमान परिवेश

गणतन्त्र स्थापना तथा संघीयता कार्यान्वयसँगै नवस्थापित गाउँपालिका गठनको पहिलो चार वर्ष हामीले सिकाई, अभ्यास र चुनौतीकै क्रममा व्यतित गरिसकेका छौ । विभिन्न कानुनी अड्चन, जनशक्ति अभाव, पूर्वाधारको कमी, नयाँ संरचनाका कारण प्रकृयागत अलमललगायतका विभिन्न चुनौतीका बावजुद पनि एउटा निश्चित प्रणाली विकास गरी सकेका छौ । पालिकावासीलाई रोग, भोक, गरिबी र अशिक्षाको भुमरीबाट बाहिर निकाल्नैपर्ने बाध्यता एवं बढ्दो जनअपेक्षाको तुलनामा सिमित स्रोत

साधनको कारण भनेजति काम पुरा गर्न नसकेपनि उपलब्ध स्रोतलाई समन्यायिक र सन्तुलित वितरण प्रणालीबाट नतिजामुखी परिणाम हासिल गर्न केही हदसम्म सफल भएको महशुस गरेकी छु ।

विकासले एउटा निश्चित मार्ग समातिरहेको अवस्थामा गतवर्षजस्तै यस वर्ष पनि कोभिड १९( कोरोना भाइरस) को विश्वव्यापी महामारीका दोश्रो लहरका कारण हाम्रो पालिकासमेत नराम्ररी प्रभावित बन्न पुग्यो । यद्धपि यसको नकारात्मक प्रभावबाट पालिकावासीलाइ बचाउन हामीले भरमग्दुर प्रयास गर्यौं र यसतर्फ अपेक्षाकृत सफलता समेत प्राप्त गर्न सफल भयौ ।

कृषि तथा पशुपालन मूख्य आम्दानीको श्रोतको रुपमा रहेको यस सरावल गाउँपालिकाको आर्थिक स्थिति अझै पनि स्थीर रहन सकेको छैन् । अझै पनि अधिकाँश कृषक दाजुभाई दिदी बहिनीमाझ खेती किसानीका लागि मनसुनमै निर्भर रहनुपर्ने बाध्यताबाट थोरै भएपनि पार पाऊन भन्ने हेतुले यस गाउँपालिकाले विभिन्न यन्त्र उपकरण अनुदानमा वितरण गर्दै आएको छ । व्यवसायउन्मुख किसान दाजुभाई दिदी बहिनीहरुलाइ थोरै रकम बचतबाट धेरै लाभ लिन, बचत गर्न सिकाउन सहकारीहरुको ठुलो योगदान रहदै आएको छ । अर्कोतर्फ हालसालै मात्र निर्माण सम्पन्न हुने चरणमा रहेको हुलाकी राजमार्ग आसपासको औद्योगिक वातावरणले युक्त रहेकाले सो क्षेत्रमा स्थापना हुन चाहने नयाँ कृषिमा आधारित उद्योगधन्दालाई प्रोत्साहन दिने नीति लिइने छ ।

सामाजिक क्षेत्रमा जिल्लाका अन्य पालिकाका तुलनामा पिछडिएको यस गाउँपालिकाका जनताको जीवनस्तर उकास्न तथा सामाजिक मान प्रतिष्ठामा अभिवृद्धि गर्न यहाँका सामाजिक विकासमा समेत यथेष्ट लगानी गर्नुपर्ने हुन्छ । पालिकाभित्र २४ वटा सार्वजनिक विद्यालय र ७ स्वास्थ्य चौकी सञ्चालनमा रहेका

छन् । जनतालाई छिटो छरितो स्वास्थ्य संस्थासम्म पुऱ्याउन हाल पालिकामा एउटा एम्बुलेन्स सञ्चालनमा रहेको छ ।

सभाध्यक्ष महोदय,

जनताले चाहेको सामाजिक तथा आर्थिक विकासलाई महशुस गर्ने गरी जनतामाझ पुऱ्याउनु हामी जनप्रतिनिधीको इच्छा, चाहना र दायित्व हो । ति आकाँक्षालाई प्रवाह गर्न कर्मचारीतन्त्रको भूमिका महत्वपुर्ण रहन्छ । नयाँ संरचना, न्यून कर्मचारी, अपर्याप्त भौतिक पूर्वाधारका बीच पनि हामीले विगतका वर्षमा धेरै सकारात्मक कदमहरु चाल्न सफल भयौं । जनताका मागअनुरुपका धेरै विकास आयोजनाहरु सम्पन्न समेत गर्न सक्यौं । यो सबै जनप्रतिनिधी, कर्मचारी र जनताका सामूहिक प्रयासबाट सम्भव भएको हो । यति हुँदाहुदै पनि पालिकामा अझै पनि दरबन्दी अनुसार पर्याप्त कर्मचारी नभएको यथार्थ विर्सन मिल्दैन । दैनिक कार्यसञ्चालनका लागि आवश्यक कर्मचारी प्रदेश लोकसेवामार्फत माग गरिसकेका छौ भने तत्कालका लागि केही कर्मचारीहरु करारमा नियुक्त गरेका छौं । गाउँपालिकाका सबै वडाहरुको आफ्नो नयाँ वडा कार्यालय स्थापनाको सुरुवात वडा नं. ४ बाट भइसकेको छ । आगामी दिनमा सबै वडाकार्यालयहरुलाई सुविधासम्पन्न बनाउदै नयाँ कार्यालय भवन आवश्यक रहेका स्थानमा निर्माणमा प्राथमिकता दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म विकास र समृद्धिको लक्ष्य प्राप्तिको लागि पालिकाबाट गरिएका प्रयासहरुको** संक्षिप्त चर्चा गर्न अनुमति चाहन्छु ।

**समृद्ध सरावल सुखी सरावलवासी** भन्ने मूल नाराका साथ दिनरात सरावलवासीको सुख, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हामी जनप्रतिनिधी लागिपरेको यथार्थ म यहाँहरुसमक्ष पुनः स्मरण गराउन चाहन्छु । यसतर्फ हामी विगत वर्षहरुदेखिकै प्रयास स्वरुप केही सफलता समेत हात पारेका छौं भने अझै धेरै गर्न बाँकी छ । चालु वर्ष हामीले पालिकाका सातवटै वडा जोड्ने देवीनगर-मनरी-सरावल-गोबरहिया-भुजहवा सडकको देवीनगर-पटखौली खण्डका साथै गोबरहिया र धनगढवामा केही खण्ड कालोपत्रे गरिसकेका छौ भने गोबरहिया-धनगढवाको बाँकी खण्ड सबबेस सम्म स्तरोन्नति गरिसकेका छौं ।

यसैगरी दुइ पालिका जोड्ने सडकका रुपमा भुजहवा-सुनाकोनी-प्रतापुर सडक खण्डको स्तरोन्नति सम्पन्न भएको छ भने दुई वडा जोडने गडौरी-धनगढवा सडक निर्माण अन्तिम चरणमा रहेको र मौषमले साथ दिएको खण्डमा यसै आर्थिक वर्षभित्र सम्पन्न हुनेछ । यसैगरी दुई वडा जोडने सडकका रुपमा रहेका बडहरा-मंगलापुर सडक निर्माणाधिन अवस्थामा रहेको र आगामी वर्षको शुरुमै सम्पन्न हुने चरणमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।

यसैगरी तिलौली-भिमटाँडी तथा सरावल-जनकपुर सडकको निर्माणपूर्वको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको र निर्माणमा जान तयारी अवस्थामा रहेको छ ।

अर्कोतर्फ भवन निर्माणतर्फ पालिकास्तरीय सभाहल निर्माण सम्पन्न भइसकेको छ भने जावास्थित सभाहल चालु आ.व.भित्रै सम्पन्न हुने चरण रहेको छ । यसअघि मधवलिया र भुजहवामा निर्माण सम्पन्न भएका विपद व्यवस्थापन गृहहरुमा आवश्यक उद्धार सामग्रीले सुसज्जित पार्ने काम सम्पन्न भएको छ ।

शिक्षित नागरिक समृद्ध सरावल भन्ने नाराका साथ सबैको लागि शिक्षा अभियानलाई निरन्तरता दिदै विद्यालयहरुलाई थप पूर्वाधार सम्पन्न गराउने अभियानलाई निरन्तरता दिइएको छ । यस क्रममा बसन्तपुर मा.वि. बासाबसही, आदर्श मा.वि. खोखरपुरा, जनता मा.वि. सरावल, ललितपुर मदरसा, मदरसा इस्लामिया खडौना, जनता मा.वि. भुजहवा, पशुपति शिक्षा मन्दिर भुजहवामा कक्षा कोठा निर्माण सम्पन्न भएका छन् । यस्तै शिक्षालाई थप व्यावसायिक र जिवनोपयोगी बनाउने उद्धेश्यअनुरुप यसै आ.व. देखि आदर्श मा.वि. खोखरपुरामा प्राविधिक धार सञ्चालनमा ल्याउदैछ । साथै पालिकास्तरीय नमुना विद्यालयका रुपमा जनता मा.वि. मनरीमा भौतिक पूर्वाधार निर्माणका कामहरु तिव्रताका साथ कार्यान्वयनमा रहेको कुरा म यहाहरुसमक्ष जानकारी गराउन चाहन्छु ।

टाढा टाढाका विद्यार्थीहरुलाई विद्यालय आवतजावतमा सघाउ पुर्‍यांउने उद्देश्यअनुरुप आदर्श मा.वि. खोखरपुराका लागि स्कुल बस खरिद गरी हस्तान्तरण गरिसकिएको छ भने जनता मा.वि. मनरीका लागि स्कुल बस खरिद गर्ने प्रक्रियामा रहेको र केही दिनभित्रै आइपुग्ने क्रममा रहेको छ ।

पालिकाभित्र रहेका पर्ति जग्गा तथा अन्य सार्वजनिक सम्पत्तिहरुको संरक्षणको जिम्मेवारी समेत यस गाउँपालिकाको हो । यसै अनुरुप यस गाउँपालिकाले गत आ.व. मा दुबौलिया तथा चालु आ.व.मा सरावल र पुर्नाहामा सार्वजनिक जग्गा तारबार गरी संरक्षण गरिएको छ भने आगामी दिनमा पालिकाभित्रका अन्य सार्वजनिक सम्पत्तिहरुको संरक्षण कार्यलाई निरन्तरता दिन त्यस्ता क्षेत्रमा रहेको आवादीलाई अन्यत्र स्थानान्तरण गरी संरक्षण गर्ने कार्य शुरु गरिसकिएको छ ।

पालिकावासीको जिउधनको सुरक्षाका लागि गाउँपालिका हरदम जनतासँग रहेको यथार्थ महशुस गराउने गरी हामीले कोरोना महामारीको समयमा हरेक नागरिकलाई सचेत गराउने, पीडित र संक्रमितहरुको देखभाल गर्ने, औषधीउपचारको व्यवस्था मिलाउने, स्वास्थ्यकर्मीहरुबाट निरन्तर अनुगमन गराउने, गर्भवती नारीहरुको जीवन सुरक्षाका लागि पालिकाभित्रका बर्थिङ सेन्टरसम्म निशुल्क एम्बुलेन्स सेवा प्रदान, मनरी र भुजहवामा बर्थिङ सेन्टर सञ्चालनलाई निरन्तरता दिनुका साथै बडहरामा बर्थिङ सेन्टरका लागि भौतिक पूर्वाधार निर्माण, गर्भवती तथा नवजात शिशु पोषण कार्यक्रम (उत्तम पोषण योजना, बहुक्षेत्रीय पोषण कार्यक्रम आदि) सञ्चालन गर्नेलगायतका सेवाहरु प्रदान हुदैआएका छन् । यसैगरी छात्रामैत्री शौचालय निर्माणको अभियानलाई हरेक विद्यालयमा पुऱ्याउने उद्देश्य अनुरुप यस वर्ष मनरी र भुजहवामा निर्माण सम्पन्न हुने क्रममा रहेका छन् ।**विद्यमान अवसरहरु**

जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी आर्थिक, सामाजिक तथा पूर्वाधार विकास गर्ने क्रममा यस गाउँपालिकामा विभिन्न अवसरहरु रहेको कुरा यहाँहरुसमक्ष अवगतै छ । भगवान बुद्धकालीन कोलिय नगर राज्यका ककरपत्त, सायुगा र कुण्डीय शहरहरु यस गाउँपालिकामा अवस्थित रहेको कुरा विभिन्न पुरातत्ववेत्ताहरुबाट सार्वजनिक भएबाट यस क्षेत्रमा ती क्षेत्रहरुको उत्खनन तथा संरक्षण गरी पर्यटन विकास गरी स्थानीय जनताको जनजीविकामा सघाउ पुऱ्याउने अवसर हामीमाझ रहेको छ । यसै गरी हालसालै निर्माण सम्पन्न हुने चरणमा रहेको हुलाकी राजमार्ग र पूर्व पश्चिम राजमार्गबीचको भूभाग औद्योगिक वातावरणका लागि उपयुक्त र प्रचुर सम्भावनायुक्त रहेकोले सो क्षेत्रलाई

औद्योगिकीकरण गरिनु आवश्यक देखिन्छ । यसैगरी सरावल गाउँपालिकादेखि दक्षिणतर्फको उर्वर खेतीयोग्य भूमि कृषि प्रयोजनका लागि अत्यन्तै उपयोगी रहेकोले सो क्षेत्रलाई कृषि भूमिकै रुपमा उपयोग गर्न सकेमा खाद्य सुरक्षामा टेवा पुग्ने देखिन्छ । यसैगरी बाढी डुवानको जोखिममा रहेका खडौना, मधवलिया, नौडिहवा, भुजहवा, गणेशपुर लगायतका क्षेत्रमा माछापालन, उखु खेती र पशुपालनको यथेष्ट सम्भावना रहेको छ ।

**सभाध्यक्ष महोदय,**

आर्थिक, सामाजिक र भौतिक विकासको पर्याप्त सम्भावना हुँदाहुदै हामीमाझ चुनौतीहरु पनि थुप्रै नै रहेका छन् । पालिका सञ्चालनको लागि आफ्नै मुख्य प्रशासनिक कार्यालय भवन निर्माण अझै शुरु हुन सकेको छैन् । मुलतः कृषिमा आधारित पालिका भएको हुँदा जनतामा माग, इच्छा र आकांक्षा लाई समेटने गरी पुग्ने आन्तरिक आयको दीर्घकालीन स्रोतको अभाव रहिआएको छ । कार्यालय सञ्चालनका लागि पर्याप्त जनशक्ति र कर्मचारीको अभाव रहेको छ ।

## नीति तथा कार्यक्रम तर्जूमाका आधारहरु

यस नीति तथा कार्यक्रम तर्जूमाका आधारहरु देहायबमोजिम रहेका छन् ।

क) नेपालको संविधान,

ख) स्थानीय सरकार संचालन ऐन, २०७४,

ग) स्थानीय तह बजेट निर्माण दिग्दर्शन, २०७५,

घ) नेपाल सरकारको आ.व. २०७८/७९ को आय व्यय विवरण, आर्थिक ऐन, विनियोजन ऐन, ०७८

ङ) लुम्बिनी प्रदेश सरकारको आ.व. २०७८/७९ को आय व्यय विवरण आर्थिक ऐन, विनियोजन ऐन, ०७८

च) अनुभव तथा सिकाई आदि ।

**सभाध्यक्ष महोदय,**

जनताका असिमित आकांक्षा र सिमित स्रोत साधनको तादाम्यता मिलाई जनताले प्रत्यक्ष रुपमा महशुस गर्न सक्ने गरी विकास निर्माण गर्नु सम्पुर्ण गाउँपालिका परिवारको एक मात्र उद्देश्य हो । विगत वर्षहरुमा जस्तै यस वर्ष पनि हामीले केही महत्वपुर्ण सफलताहरु हाशिल गर्न सफल भएका छौं ।

म अब यहाँहरुसमक्ष चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

१. गौरवको आयोजनाको रुपमा रहेको वासा मनरी गोव्रहिया भुजहवाको लागी ३ खण्डमा कार्य सञ्चालन गरिएकोमा देविनगर पट्खौली खण्डको १४७९ मि. कालोपत्रको कार्य यसै आ.व. मा सम्पन्न भएको छ। सोही खण्डको २२०० मिटर सब-बेससम्म स्तरोन्नति गर्ने कार्य सम्पन्न हुने चरणमा छ । हुलासी श्रीनगर कोठिलहा सरावल जोड्ने सडकखण्डमा कुल ७५० मि. ढल निकास सहित ५२५ मि. कालोपत्रको कार्य सम्पन्न भएको छ भने धनगढवा गडौरी सडक सम्पन्न हुने चरणमा रहेको छ ।

२. सरावल ३, सरावलमा बहुउद्देश्यीय सभाहल, मगरमुडहा, धनगढवा, कोठीलहा र दुबौलियामा सामुदायिक भवन, भिमटाडीमा रेडक्रस भवन, वडा नं. १ मा वाल भवन, वडा नं. २ जावामा बहुउद्देश्यीय सभा हल, गणेशपुरमा मदरसा भवन, गाउँ कार्यपालिका कार्यालयमा स्तनपान कक्षलगायतका संरचनाहरुको निर्माण कार्य सम्पन्न गरिएको छ।

३. वडा नं. ६ मा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भएको छ । यसैगरी गणेशपुरस्थित धनेवा खोलामा १२० मिटर तटबन्ध निर्माण सम्पन्न भएको छ ।

४. बसन्तपुर मा.वि. बासाबसही, आदर्श मा.वि. खोखरपुरा, जनता मा.वि. सरावल, ललितपुर मदरसा, मदरसा इस्लामिया खडौना, जनता मा.वि. भुजहवा, पशुपति शिक्षा मन्दिर भुजहवामा कक्षा कोठा निर्माण सम्पन्न भएका छन् भने जनता मा.वि. मनरी र जनता मा.वि. भुजहवामा छात्रामैत्री शौचालय निर्माण सम्पन्न भएको छ ।

५. आर्थिक विकासतर्फ पशुपालक किसानको जीवनस्तर उकास्न मद्दत बसन्तपुर दुग्ध उत्पादक सहकारी संस्थालाई दुग्ध प्रशोधन सामग्रीमा अनुदान, सहकारी संस्थाको सहकार्यमा वडा नं. १ मा भैसी कार्यक्रम, वडा नं. ३ मा बाखा पकेट कार्यक्रम, वडा नं. ५ मा धान पकेट कार्यक्रम, वडा नं. ६ मा तरकारी र भैसी पकेट कार्यक्रम सञ्चालनमा रहेकाछन् ।

६. किसान दाजुभाई दिदी बहिनीहरुलाई मौसमी आकाशे खेतीमा निर्भर रहनुपर्ने बाध्यताबाट मुक्त गराउन स्यालो ट्युववेल र बोरिङ जडान कार्यलाई निरन्तरता दिइएको छ । चालु आ.व. को हालसम्म सबै वडामा गरी कूल २६ बोरिङ र स्यालो ट्युववेल जडान भएका छन भने ६५ वटा विजुली मोटर र ५२ वटा पम्प सेटसमेत वितरण भएका छन् ।

७. बाख्रा पैचो कार्यक्रम अर्न्तगत २१ वटा उन्नत जातका बाखाका पाठा पाठी वितरण गरिएको छ । यस्तै पशुधन सुरक्षा कार्यक्रम अर्न्तगत ३१७ वटा पशुको पशु बीमा गरिएकोछ भने सातै वडामा पशुमा लाग्ने खोरेत, पीपीआर लगायतका रोग विरुद्ध खोप अभियान सञ्चालन गरिएको छ ।

८. यस्तै दुधालु पशुमा हुने बाँझोपन निवारणका लागि विशेषज्ञ परामर्श सेवा प्रदान गरिएको छ । यसैगरी पालिकाभित्र मौरीपालनलाई प्रर्वद्धन गर्नका लागि यो वर्ष ५० थान मौरीका घार वितरण भएका छन् भने वाली संरक्षणका लागि ११५ थान स्प्रे ट्यांकीहरु समेत वितरण भएका छन् ।

९. धान, गहु, तरकारीको विउ वितरण कार्य सम्पन्न गरिएको छ । गहुँको विउमा ५०% नगद अनुदान प्रदान गरिएको छ ।

१०. प्लाष्टिक टनेल खेतीलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरुप वडा नं. ६ मा नमूना प्रदेशन, कृषक पाठशाला सञ्चालन गरियो भने वडा नं. ६ र ७ मा प्लाष्टिक मल्चिङको शुरुवात गरिएको छ । यसैगरी, माटो परीक्षण प्रयोगशाला स्थापनाका लागि सामग्री खरिद भई जडानको क्रममा रहेको छ ।

११. यसैगरी सामाजिक विकासतर्फ तुलसीनगरमा बाल भवन तथा वाल उद्यान निर्माण सम्पन्न भएको छ । वडा नं. १ र २ लाई वालमैत्री वडा घोषणाका लागि आवश्यक पूर्वाधार निर्माणको काम अगाडि बढाइएको छ भने सातै वडामा वाल क्लबहरु पुर्नगठन गरी पालिकास्तरीय वाल सञ्जाल गठन गरिएको छ ।

१२. पालिकाभित्रका १८३ जनाको मोतीबिन्दुको शल्यक्रिया गरिएको छ भने वडा नं. ३ मा १२१ जनाको सिकलसेल एनिमियाको परीक्षण सम्पन्न गरिएको छ । पालिकावासीलाई रगत अभाव हुन नदिन नेपाल रेडक्रस सोसाइटीसँग सम्झौता गरियो ।

१३. कोभिड महामारीबाट पालिकावासीलाई जोगाउने अभिप्रायले ८५४ जनामा कोभिड परीक्षण गरिएको छ भने सो परीक्षण कार्य हालसम्म जारी नै छ । यस्तै पालिकाभित्र २२५८ जनालाइ कोभिड बिरुद्धको खोप लगाइसकिएको छ ।

१४. यसैगरी पालिकाभित्रका युवायुवतीहरुलाई लागू पदार्थको दुर्व्यसनीबाट जोगाउन सात वटै वडामा दुर्व्यसनी बिरुद्धको अभियान सञ्चालन गरियो ।

१५. पालिकाभित्रका ५ वर्षमूनिका वालवालिकालाई कुपोषणबाट जोगाउन बहुक्षेत्रीय पोषण, उत्तम पोषण योजनालगायतका पोषण योजनाहरु सञ्चालन गरियो ।

१६. यस्तै लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानसमेत भव्यताका साथ सम्पन्न गरियो । महिला जनप्रतिनिधीहरुको क्षमता विकास तालिम सञ्चालन गरियो ।

१७. महिलाहरुलाई विभिन्न सीपमूलक तालिम दिई आर्थिक रुपमा आत्मनिर्भर बनाउने उद्देश्यले सातवटै वडामा सीपमूलक तालिमहरु सञ्चालन गरियो ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बस नीति तथा कार्यक्रमको दीर्घकालीन सोच**

**समृद्ध सरावल गाउँपालिका, खुशी सरावलवासीः हाम्रो प्रतिवद्धता भन्ने मुल नारालाई सार्थक तुल्याउने ।**

नीति तथा कार्यक्रमको उद्देश्य

१) रोजगारी श्रृजना गर्ने

२) गरिवी न्यूनीकरण गर्ने

३) कृषि उत्पादनमा बृद्धि गर्ने र कृषि व्यवसायीकरण गर्ने

४) श्रोतको न्यायोचित र सन्तुलित रुपमा गर्ने

५) सामाजिक क्षेत्रमा परिवर्तन ल्याउने

६) पुर्वाधार विकास र औद्योगिकरणमार्फत गाउँपालिकालाइ आत्मनिर्भरतातर्फ उन्मुख गराउने ।

**नीति तथा कार्यक्रमको प्राथमिकता क्षेत्रः-**

- राजश्व परिचालन तथा श्रोत अभिवृद्धि
- आर्थिक विकास
- पूर्वाधार विकास ,
- स्वास्थ्य महिला तथा बालबालिका
- प्रशासनिक क्षमता विकास तथा चुस्त दुरूस्त सेवा प्रवाह

**सभाध्यक्ष महोदय,**

यसका साथै क्षेत्रगत रुपमा निति तथा कार्यक्रम देहायवमोजिम प्रस्तुत गर्न चाहन्छु

## क) राजश्व परिचालन तथा श्रोत अभिबृद्धि सम्बन्धी नीति तथा कार्यक्रमहरु

१) कर दाताको विवरण अद्यावधिक गरिने छ । व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाइ कर तिर्न प्रोत्साहित गर्ने, कार्यक्रम संचालन गरिनेछ ।

२) मंसिर १ देखि ७ गतेसम्म "कर तिरौं, सभ्य नागरिक बनौं" भन्ने नाराका साथ साताव्यापी "व्यावसाय दर्ता, नविकरण तथा कर सप्ताह" कार्यक्रम सञ्चालन गरिनेछ । सो अवसरमा गाउँपालिकालाई नियमितरुपमा र सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

३) गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गामा गाउँपालिकाले वा व्यक्ति स्वयमले अस्थायी संरचना बनाइ उपभोग गर्न दिएको खन्डमा बहाल बिटौरी कर असुल गर्न कडाइ गरिने छ । यसरी अस्थायी संरचना बनाइ उपभोग गर्दा गाउँपालिकाले आवश्यक परेको खण्डमा सम्झौता भंग गरी उक्त जग्गा खाली गर्न बाधा परेको मानिने छैन ।

४) गाउँ सभाबाट पारित कर कार्तिक महिना भित्रै बुझाउनेलाई सम्पति कर व्यवसाय कर, बहाल विटौरी कर र घर जग्गा बहाल करमा लाग्ने करमा दश प्रतिशत छुट दिईने छ । चालु आर्थिक बर्षको असार मसान्तसम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आए आ.ब. बाट पहिलो बर्ष दश प्रतिशत र त्यस पछिका प्रत्येक बर्षमा बीस प्रतिशतका दरले विलम्ब जरीवाना समेत जोडी बक्यौतासमेत अशुल गरिनेछ ।

५) सम्पति कर, व्यवसाय कर, घर बहाल कर, बहाल बिटौरी कर , मनोरन्जन कर आदिलाइ पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यबिधि, निर्देशिका बनाइ व्यवस्थित गरिनेछ ।

६) विकास निर्माणमा महिला सहभागिता र स्वावलम्वी नारी सम्बृद्धि नारालाई सार्थक बनाउन महिलाको नाममा दर्ता गरिएको व्यवसायिक प्रतिष्ठानमा लाग्ने करमा दश प्रतिशत छुट दिइने छ ।

७) सरावल गाउँपालिकाअन्तर्गत सम्पूर्ण भौतिक संरचनाको हकमा नक्सा पास नगरी संरचना निर्माण गर्न पाईने छैन । पुराना निर्माण भइ सकेका संरचनाका हकमा पनि अगामी आ. ब. ०७८ पुष मसान्तसम्म गाउपालिकामा नियमित गराइसक्नुपर्नेछ । सो अवधिसम्म पनि नक्शा पास नगरी अटेर गरेको पाइएमा नक्शापास दस्तुरको २५ प्रतिशत जरिवाना लिइनेछ ।

८) यस गाउँपालिकाका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले भवन, जग्गा, गोदाम, सेड आदि आंशिक वा पुर्ण रुपमा बहाल लगाएका धनिसँग निजले बहालमा लगाएको अंक रकमको दश प्रतिशतका दरले संबन्धित धनीसंग बहाल कर लिनेछ । भवन निर्माण निर्देशिकालाई कडाईका साथ लागु गरिने छ ।

९) पेशा व्यवसाय कर लिदा एउटै फर्ममा फरक फरक प्रकृतिका व्यवसाय संचालन भएको हकमा तोकिए बमोजिमको फरक फरक प्रकृतिको व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिइने छ ।

११) सरावल गाउँपालिकाको स्वामित्वमा भोगाधिकार रहेको संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन, हाट बजार, पोखरी , खोलानाला तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी राजस्व आम्दानीको माध्यमको रुपमा परिचालन गरिने छ । यस्ता पोखरीको ठेक्का प्रतिस्पर्धाको आधारमा गाउँपालिकाबाट अनुमती लिई वडाबाटै सन्चालन गर्न सकिने व्यवस्था मिलाईने छ ।

१२ ) आफनो वा सगोल परिवारले गाउँपालिकालाई भुक्तान गर्नु पर्ने कर शुल्क दस्तुर समयमा नबुझाइ वक्यौता राख्ने करदातालाई यस गाउँपालिकाबाट प्रदान गरिने कुनै पनि सेवा सुविधामा तथा सिफारिस रोक्का गरिने छ ।नक्शा पास नगरेका व्यक्ति तथा सगोल परिवारलाई पनि यो नीति लागु हुनेछ ।

१३) कुनै पनि कर शुल्क आफुले बझाउनु पर्ने सम्पत्ति कर, व्यवसायिक कर, घर बहाल कर लगायत भुक्तान गर्नु पर्ने रकम अनिवार्य हुने छ ।सो योजनाबाट लाभान्वित हुने उपभोक्ताहरुलाई कर तिर्न प्रोत्साहित गरिने छ ।

१४) सम्पत्ती कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ती लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाइ सम्पत्ति मुल्याकन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मुल्यांकनबाट लाग्ने कर रकममा साविकमा बुझाइ बाँकि रहेको रकममा दश प्रतिशतले हुने थप रकम जरिवाना गरी करसमेत असुल गरिने छ ।

१५) श्रोत परिचालन र व्यवस्थापन सरावल गाउपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानुन बमोजिम लगाउन सकिने सबै स्रोतहरुको वास्तविक परिचालन , विश्लेषण , प्रक्षेपण समतामुलक , प्रगतिशिल र न्यायपूर्ण बनाई राजस्वको दायरालाई अधिकतम रुपमा फराकिलो बनाइनेछ ।

१६) गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अपनत्व, संरक्षण तथा विकास निर्माणमा जनसहभागिता, उच्च आर्थिक विकास भन्ने मुल नाराका साथ अनिवार्य लागत सहभागिताको व्यवस्था गरिनेछ ।

१७) कर चुक्तालाइ गाउंपालिकाबाट उपलब्ध गराइने अनुदान लगायतका सेवासुविधा प्रदानको आधारको रुपमा लिइनेछ।

१८) आर्थिक बर्ष २०७८/०७९ मा पनि करका दरमा यथावत प्रस्ताव गरेको छु ।

**ख) आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः**

१) सरावल गाउँपालिका क्षेत्र भित्रको कृषि योग्य जमिनको पहिचान गरी नमुना व्यवसायिक खेतीको रुपमा एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२) बाखा पकेट, तरकारी पकेट कार्यक्रमबाट बढी भन्दा बढी कृषकहरुलाई सहभागी गराई उत्पादनमा वृद्धि हुने कार्यक्रम सञ्चालन गरिने छ।

३) अर्गानिक तरकारी खेती गर्नेलाई प्रोत्साहन गरिनेछ । स्थानीय श्रोतसाधनको अधिकतम प्रयोग गरी स्थानीय गाउँवासीले रोजगारी पाउने खालको योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

४) कृषकहरुका उत्पादनहरु संकलन, भण्डारको लागि सरावल-३ गोईनीमा निर्मित कृषि उपज संकलन केन्द्र तथा हात्तीवनमा निर्मित हाटबजार संचालन ल्याई बजारसंग आवद्ध गरिनेछ ।

६) दुग्ध उत्पादन गर्न प्रोत्साहन दिने उद्देश्यका साथ प्रति लिटर दुधमा रु १।- अनुदान दिइने छ।

७) उत्पादनमा प्रोत्साहन गर्न कृषकहरुलाइ हिउदे बालीको बिउ खरिदमा ५० प्रतिशत अनुदान दिइनेछ भने व्यवसायिक खेतीलाइ प्रोत्साहन गर्न उत्पादनको आधारमा अनुदान दिने नीति अवलम्बन गरिनेछ। साथै कृषकलाई उपलव्ध गराईने हरेक प्रकारको अनुदान वैंकिङ प्रणांली मार्फत गरिनेछ।

९) कृषकहरुका उत्पादन संकलन, प्रशोधन, भण्डारण र बजारीकरणमा सहकारी संस्था तथा कृषक समुहहरुलाइ संलग्न गराउने कार्यक्रम संचालन गरिनेछ।

१०) पालिकाभित्र च्याउ खेतीलाई प्रवर्द्धन गरी कृषकहरुको आयआर्जन अभिवृद्धि गर्न वडा र पालिकास्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

११) कृषकहरुलाइ आवश्यक सहयोग पुऱ्याउन, गाउंपालिकाको कृषि नीति तथा योजनालाइ वास्तविक र वस्तुनिष्ठ बनाउन कृषि र कृषकहरुको तथ्यांक संकलन गरी कृषक परिचयपत्र वितरण गरिनेछ,।

१२) कृषि उपज संकलनकेन्द्र संचालनमा सहभागिता जनाउने सहकारी संस्था वा कृषक समुहलाइ आवश्यक पुर्वाधार व्यवस्थापन र विद्युत शुल्कमा छुट सहयोग उपलब्ध गराइनेछ।

१३)पशुपंक्षी खोप कार्यक्रम, पशु गोठसुधार व्यवस्थापन, पशु अहार, नश्ल सुधार, स्थानीय र रैथाने जातका पशुपंक्षीको संरक्षण, प्रर्वद्धन, पशु र बाली बीमाजस्ता कार्यक्रम संचालन गरिनेछ।

१४) धान,गहुं,तोरी,मसुरो आदि बालीको विजबृद्धि कार्यक्रम संचालन गरी बिउंमा परनिर्भरता घटाउनुका साथै यसबाट मुनाफा गर्न कृषकलाइ प्रोत्साहित गरिनेछ । बिजबृद्धि कार्यक्रम सहकारी संस्था एवं कृषक समुहको सहकार्यमा संचालन गरिनेछ ।

१५) कृषि सडक र कृषि विद्युतीकरणलाइ संगसगै अगाडी लगी सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादनमा बढावा दिने नीति अवलम्बन गरिनेछ । सिंचाई प्रयोजनका विद्युतिकरण गर्ने कार्यलाई आवश्यक सहजिकरण गर्न पहल गरिनेछ ।

१६) कृषक पाठशालामार्फत हिउदे बालीलाइ प्रोत्साहन दिने खालका कार्यक्रम सञ्चालन गरिने छ ।

१७) नगदे बालीको रुपमा बेसार खेतीलाई प्रोत्साहनसहितको कार्यक्रम ल्याइने छ । एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१८) कोपोमिस प्रणालीमार्फत सहकारी संस्थाहरुको अनुगमन गरिने छ । सहकारी संस्थाहरुको क्षमता विकासका लागि तालिमहरु सञ्चालन गरिने छ ।

१९) सार्वजनिक जग्गा तथा नदी किनारामा जग्गा संरक्षण गरी वृक्षारोपण गरिनेछ।

२०) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरी पालिकाभित्रका बेरोजगार युवाहरूलाइ रोजगारी प्रदान गरिनेछ । यसका लागि रोजगार सेवा केन्द्रलाई थप क्रियाशिल वनाई श्रमिकहरुको लगत संकलन अभिलेखिकरण गरी उद्योग वजार तथा श्रम वजार आवद्ध गराउने एवं रोजगारी सिर्जना गर्न विशेष पहल गरिनेछ ।

२१) माछापालन/मत्स्य विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ । गाउँपालिकाभित्र रहेका सार्वजनिक पोखरी, ताल, तलैयालाई संरक्षणसंगै आयआर्जनको श्रोतको रुपमा विकास गर्न माछापालन गर्न प्रोत्साहित गरिनेछ ।

२२) पोषिलो पशुआहारको दिगो आपुर्तिका लागि घाँसको स्रोत केन्द्र कार्यक्रम सञ्चालन गरिने छ ।

२३) पुरातात्विकस्थलको खोज, अनुसन्धान तथा उत्खननका लागि सरोकारवाला विभाग/कार्यालयसँग समन्वय गरि अगाडि बढाइनेछ ।

२४) आन्तरिक तथा बाहय पर्यटकलाई आकर्षित गर्न आ. ब. २०७८/०७९ मा थारु संग्रहालय स्थापना प्रारम्भ गरिनेछ । पर्यटन सहकारी संस्था मार्फत घरवास Homestay व्यवस्थापन र संचालन गरी पर्यटन क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने नीति लिइनेछ । जसबाट स्थानीय संस्कृति संरक्षण एवं स्वरोजगार श्रृजना हुने अपेक्षा गरिएकोछ ।

२५) सबै वडामा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरी स्थानीय जनतालाइ व्यवसायउन्मुख बनाइ गरिबी निवारण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग) पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुः**

१) गाउँपालिकाको क्षेत्र भित्रका कच्ची सडकलाई कालोपत्रे एवं RCC सडकमा स्तरोन्नति गरिनेछ । पालिकाको गौरवको आयोजनाको रुपमा रहेको गोबरहिया-धनगढवा-भुजहवा सडक निर्माणलाई आगामी आ.व. भित्रै सम्पन्न गरिनेछ ।

२) सरावल गाउपालिका अन्तर्गत रहेका यस वर्षमा पुरा हुन नसकेका आयोजनाहरु सम्पन्न गर्न प्राथमिकतासाथ सञ्चालन गरिनेछ ।

४) राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइने र निर्माण क्षेत्रसँग सम्बन्धित श्रमिकहरुका लागि बिमा गर्ने नीति लिइनेछ ।

५) सम्भाव्य ठुला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट उपयुक्त आयोजनाहरुको कार्यान्वयनमा जोड दिइनेछ ।

६) भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्न उपभोक्ता समिति र अनुगमन समितिलाई तालिम प्रदान गरिनेछ।

७) पालिकाभित्र निर्मित संरचनाहरुको दिगो उपयोग तथा मर्मतसंभारका लागि स्थापित मर्मत सम्भार कोषलाइ थप व्यवस्थित गर्दै लगिनेछ ।

८) समुदायसँग सहकार्य गरी सडक बत्ती जडान तथा वडामा सञ्चालन गर्न जनसहभागितालाई प्रोत्साहित गरिनेछ ।

१०) विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने निति अवलम्बन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल विकासको अवस्था, आन्तरिक आयमा योगदानजस्ता सूचकका आधारमा वडास्तरमा श्रोत साधनको बाँडफाड गर्ने नीति अवलम्वन गरिनेछ ।

११) गाउँपालिकाको सडक गुरुयोजना कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

१२) १० लाख भन्दा बढी लागत अनुमान भएका सबै विकास आयोजनाहरु प्राथमिकताका साथ विद्युतीय खरिद प्रणालीमार्फत संचालन गर्ने नीति लिइनेछ ।

१३) पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री, अपाङमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ ।

१४) वडा नं. ७ मा वडा कार्यालय भवन निर्माण कार्य तयारी गरिनेछ ।

**घ) सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१) महिला नेतृत्व विकास र सशक्तिकरणको लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२) एकल तथा दलित महिलाहरुको हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्न कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ । महिला, बालबालिका तथा अन्य लक्षित बर्गलाई प्रत्यक्ष फाईदापुग्ने खालका आयोजनाहरुलाइ प्राथमिकता राखी कार्यान्वयन गरिने छ ।

३) सामाजिक कुरीतिको रुपमा रहेको बालबिवाह, बहुबिवाह, रुढीवादी अन्धविश्वास एवं भ्रमहरु हटाउन र लागू औषधको प्रयोगबाट दिग्भ्रमित युवा युवतीलाई बचाउन किशोर किशोरीहरु एवं सामाजिक परिचालनमार्फत सचेतिकरण कार्यक्रम संचालन गरिनेछ ।

४) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिकास्तरमा बाल क्लब र बालसंजालको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

५) सरावल गाउँपालिकालाई बाल मैत्री गाउँपालिका घोषणा गर्न पहल गरिनेछ । जसको लागी आवश्यक पुर्वाधार तथा कार्यक्रहरु ल्याईनेछ ।

६) नवजात शिशु, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि सञ्चालित पोषण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

७) विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ। जसअन्तर्गत सम्वन्धित वडाको स्वस्थ्य चौकीवाट महिनाको कम्तिमा १ पटक स्वास्थ्य परीक्षण गर्न स्वास्थ्यकर्मी खटाउने कार्यक्रम ल्याईनेछ।

८) जेष्ट नागरिकलाई लक्षित गरी निशुल्क आखाँको शल्यक्रिया र महिलाको निशुल्क पाठेघर परिक्षण शिविर संचालन गरिनेछ ।साथै कुष्ठ रोग नियन्त्रणका लागि क्यामपिङ संचालन गरिने छ ।

९) छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म विभिन्न कार्यक्रम संचालन गरिनेछ । समावेशी विकास गरी सामाजिक विभेद कम गर्दै लगिनेछ ।

१०) दलित, आदिबासी जनजाती, थारु, मधेशी, मुस्लिम, पिछडावर्ग एवं अल्पसंख्यक, लोपोन्मुखको परम्परागत पेशा, सीपको संरक्षण गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।यौनिक/लैगिंक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिबृद्धि र आय आर्जनमा सहकार्य गर्न कार्यक्रम संचालन गरिनेछ ।

११) सबै सामुदायिक विद्यालयलाई गरिने पुर्वाधार सहयोगमा अपाङमैत्री र छात्रामैत्री शौचालय निर्माण गरिनेछ । सबै सामुदायिक माध्यमिक बिद्यालयमा बालमैत्री धारा जडान गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१२) गाउँपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संस्थाहरुको कार्यलाई गाउँपालिकाको प्राथमिकताप्राप्त क्षेत्रमा केन्द्रित गरी नतिजामुलक बनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति बनाइने छ ।

१३) पालिकाभित्रका सबै कार्यालयलाई महिलामैत्री बनाउने अभियान अन्तर्गत गाउँपालिका कार्यालयमा स्थापित स्तनपान कक्षलाइ थप व्यवस्थित गर्दै लगिनेछ ।

१४) सरावल गाउँपालिकाद्वारा संचालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ । साथै स्वास्थ्य पोषण युक्त सन्तुलित आहार तथा बच्चा र आमा लाई न्यानो कपडा र पोषणभत्ता उपलव्ध गराईने छ ।

१५) महिला स्वास्थ्य स्वयमसेविका सेवालाई थप प्रभावकारी बनाउन हाल प्रदान गरिदै आएको प्रोत्साहन भत्तामा निरन्तरता दिइने छ। अवकास पाउने रकममा समेत थप गरिने छ । उत्कृष्ट सेवा प्रदान गर्ने महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई गरिने प्रोत्साहन गरिनेछ । साथै स्वास्थ बिमाको लागि पहल गरिने छ ।

१६) निजी स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन नियमन गरिने छ । विना दर्ता संचालित स्वास्थ्य संस्थाहरु बन्द गराईनेछ । प्रत्येक विद्यालयहरुमा १ जना शिक्षकलाई प्राथमिक उपचारको तालिम प्रदान गरी प्राथमिक उपचार प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१७) गाउँपालिकावासीलाई पाईपलाइनबाट आर्सेनिकमुक्त शुद्ध खानेपानीको सुविधा उपलव्ध गराउन हाल कार्यान्वयनमा रहेका खानेपानी आयोजनाहरूलाइ छिटो सम्पन्न गर्न गराउन पहल गरिने छ ।

१८) सरावल गाउँपालिका अन्तर्गतका शिक्षक दरबन्दी कम र विद्यार्थी संख्या बढी भएका समुदायिक बिद्यालयलाई थप शिक्षक अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१९) खेलकुद क्षेत्रको विकासको लागि प्रत्येक वडामा कम्तिमा एक वटा वडा स्तरिय खेलकुद मैदान तथा गाउपालिकामा कम्तिमा एक वटा पालिका स्तरिय खेलकुद मैदान निर्माण गरी युवाहरुलाई खेलकुद तर्फ आकर्षित खालका कार्यक्रमहरु संचालन गरिने छ ।

२०) कोभिड १९ महामारीको रोकथाम,नियन्त्रण र उपचारलाइ थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

२१) फोहोर मैला व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

१४) सरावल गाउँपालिकाद्वारा संचालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ । साथै स्वास्थ्य पोषण युक्त सन्तुलित आहार तथा बच्चा र आमा लाई न्यानो कपडा र पोषणभत्ता उपलब्ध गराईने छ ।

१५) महिला स्वास्थ्य स्वयमसेविका सेवालाई थप प्रभावकारी बनाउन हाल प्रदान गरिदै आएको प्रोत्साहन भत्तामा निरन्तरता दिइने छ। अवकास पाउने रकममा समेत थप गरिने छ । उत्कृष्ट सेवा प्रदान गर्ने महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई गरिने प्रोत्साहन गरिनेछ । साथै स्वास्थ बिमाको लागि पहल गरिने छ ।

१६) निजी स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन नियमन गरिने छ । विना दर्ता संचालित स्वास्थ्य संस्थाहरु बन्द गराईनेछ । प्रत्येक विद्यालयहरुमा १ जना शिक्षकलाई प्राथमिक उपचारको तालिम प्रदान गरी प्राथमिक उपचार प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१७) गाउँपालिकावासीलाई पाईपलाइनबाट आर्सेनिकमुक्त शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन हाल कार्यान्वयनमा रहेका खानेपानी आयोजनाहरूलाइ छिटो सम्पन्न गर्न गराउन पहल गरिने छ ।

१८) सरावल गाउँपालिका अन्तर्गतका शिक्षक दरबन्दी कम र विद्यार्थी संख्या बढी भएका समुदायिक बिद्यालयलाई थप शिक्षक अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१९) खेलकुद क्षेत्रको विकासको लागि प्रत्येक वडामा कम्तिमा एक वटा वडा स्तरिय खेलकुद मैदान तथा गाउपालिकामा कम्तिमा एक वटा पालिका स्तरिय खेलकुद मैदान निर्माण गरी युवाहरुलाई खेलकुद तर्फ आकर्षित खालका कार्यक्रमहरु संचालन गरिने छ ।

२०) कोभिड १९ महामारीको रोकथाम,नियन्त्रण र उपचारलाइ थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२१) फोहोर मैला व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।



२२) विद्यालय अध्ययनरत किशोरीहरुका लागि सुरक्षित सरसफाईका समाग्री वितरण कार्यलाई निरन्तरता दिइने छ ।

२३) किरा, फटयाङग्रा र लामखुट्टे लगायतका शत्रुजिव नियन्त्रण कार्यक्रम संचालन गरिने छ ।

२४) वडा नं. २ र ७ मा संचालित प्रसुति र ल्याब सेवा संचालन लाई निरन्तरता दिदै वडा नं. ५ र ६ मा प्रसुती सेवा विस्तार गरिनेछ ।

२५) विद्यालयको स्थायी सम्पत्तिको लगत तयार गरी सम्पत्तिको सृजनशील उपयोग गरी विद्यालयलाइ आत्मनिर्भर बनाउन प्रोत्साहन गरिनेछ ।

२६) मातृ मृत्यूदर, शिशु तथा वाल मृत्यूदर, कुपोषण, बिभिन्न जीवाणु एवं विषाणुबाट लाग्ने रोगहरुको संख्यात्मक अवस्थाको आवश्यकताअनुसार आंकलन, संकलन तथा विश्लेषण गरी सचेतनामुलक, प्रर्वद्धनात्मक र उपचारात्मक कार्यक्रम संचालन गरी स्वास्थ्य सेवा जनताको घरदैलोमा पुऱ्याइनेछ ।

२७) आयूर्वेदिक एवं वैकल्पिक स्वास्थ्य सेवाहरु मार्फत नागरिकहरुमा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सुधार गर्ने कार्यक्रम लागु गरिनेछ । साथै योग, स्थानीय जडिवुटीको प्रयोग एवं संरक्षणको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२८) स्थानीय भाषा संस्कृतिको संरक्षण तथा प्रवर्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

२९) अति विपन्न नागरिकहरुको पहिचान गरी परिचयपत्र वितरण गर्न आवश्यक पहल गरिनेछ ।

३०) यस गाँउपालिका अन्तर्गत रहेको कोटहीमाई थान, बर्दघाटे मन्दिर, राधाकृष्ण मन्दिर, जावा लोपोन्मुख कोलवृक्ष, वहिरी सम्मेमाई थान, भुल्किहवा जवई ताल, गिद्ध रेष्टुरेन्ट, चमेरो संरक्षण क्षेत्र(गार्दुल) अत्रहटी शिवालय मन्दिर, थारु मिलन केन्द्र सहित पर्यटकीय क्षेत्रहरूको संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ ।

## ङ) वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु :

१) सरावल गाउँपालिकामा रहेको विपद व्यवस्थापन कोषको रकमलाई बृद्धि गरिने छ ।

२) स्थानीय विपद व्यवस्थापन समितिमार्फत विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनिकरण तयारीलगायतका कार्य गरिनेछ । विपद न्युनिकरणका लागि पुर्व सुचना प्रणाली स्थापनाका लागि प्रक्रिया अगाडि बढाइनेछ । विपदबाट हुनसक्ने क्षतिलाइ न्यूनीकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिने छ । विपदमा परेका नागरिकलाई राहत उद्धारमा स्थानीय स्तरको विपद व्यवस्थापन समितिलाई सक्रिय वनाइने छ । समितिका सदस्यको क्षमता अभिवृध्दिको लागि तालिम प्रदान गरिने छ ।

३) यस गाउपालिकामा रहेको भलुही , झरही, धनेवा खोलामा डयाम बनाई तटबन्ध गरी डुवानको समस्यालाई समाधान गरिने छ ।

४) वन तथा वातावरण संरक्षणको लागि प्रत्येक नक्सा पास गर्ने घर धनीले दुई बिरुवा रोप्न प्रोत्साहित गरिने छ । विपद उत्थानशील संरचना निर्माण गर्न जोड दिइने छ ।

५) सडक, नाला, सार्वजनिक र खुला स्थानमा फोहोर फाल्नेलाई कारवाही गर्ने निति लिईनेछ । बजार क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरिने छ ।

६) वडा समिति एवं समुदायको सहभागितामा सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।

७) प्राकृतिक सम्पदाको अनाधिकृत तथा अवाञ्छित दोहन हुन नदिन विभिन्न कार्यक्रम संचालन गरिने छ । नदिजन्य पदार्थ उत्खनन र ठुलो योजनामा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणिय प्रभाव मुल्याङकन गरिने छ ।

८) खाली सार्वजनिक जग्गामा बृक्षारोपण कार्यक्रम संचालन गरिने छ । साथै निजि जग्गामा बृक्षारोपण गर्न चाहने व्यक्तिलाई प्रोत्साहन गर्न र बिरुवा खरिदमा अनुदान उपलब्ध गराइने छ ।

९) स्थानिय समुदायसंगको सहकार्यमा नदी , खोला, घोला , कुलो र नाला सफाई गरिने छ ।

१०) सिमसार, बांध,तालतलैया,नदिको संरक्षण,मर्मत तथा तटबन्ध गर्ने कार्यक्रम तय गरिनेछ। जसवाट पानी संचय भइ पर्यावरणीय संरक्षणसहित सिंचाइ व्यवस्था मिलाइनेछ।

११) सार्वजनिक जग्गा संरक्षण गर्न स्थानिय समुदायलाई प्रोत्साहन एवं परिचालन गरिनेछ ,त्यस्ता जग्गा तारवार गरी सार्वजनिक प्रयोगमा उपयोग गरिनेछ।

१२) पुर्ववत रुपमा संचालित गिद्ध संरक्षण अभियानलाई निरन्तरता दिइने छ । यस्तै वडा नं. ७ मा रहेको चमेरो(गादुल) संरक्षणमा विशेष कार्यक्रम ल्याईनेछ ।

१३) जलवायु अनुकुलन तथा खाद्य सुरक्षा एवं खाद्य सम्प्रभुता सुनिश्चित गर्न सहभागितामुलक कार्यक्रम संचालन गर्ने, पालिकाभित्र पाइने लोपोन्मुख तथा संकटापन्न जीवजन्तु, बनस्पति संरक्षणको लागि आवश्यक कार्ययोजना तयार गरी लागु गरिनेछ ।

**च) सुशासन प्रवर्द्धन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१) सरावल गाउँपालिका लाई प्रविधि मैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन डिजिटल गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

२) मेलमिलापकर्ता एवं न्यायिक परामर्शदाताको सहयोगमा न्यायिक पहुच सुनिश्चिता गर्नका लागी आवश्यक कार्यक्रम ल्याईनेछ ।

३) जनप्रतिनिधि एवं कर्मचारीहरुको नेतृत्व तथा क्षमता विकास तालिमसञ्चालन गरी सेवा प्रवाहलाई चुस्त छिटोछरितो र मितव्ययी बनाईनेछ।

४) कर्मचारी कल्याण कोषलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक नीति ल्याइनेछ ।

५) सरावल गाउपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेसनरी तथा मेशिनरी समानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिई प्रतिस्पर्धाको माध्यमबाट खरिद गरिने गाउपालिकाका स्वदेशी उत्तपादनलाई प्राथमिकता दिइनेछ। कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको बेलैमा

नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र स्रोत अभिबृद्धिमा समेत प्रयोग गरिने नीति ल्याइने छ ।

६) कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन उपकरण, फर्निचर लगायतका विभिन्न जिन्सी समानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिने छ ।

७) नागरिकलाई छिटो छरितो सरल सहज र बिना झन्झट सेवा प्रदान गरिने छ ।

८) कर्मचारीहरुलाई उत्प्रेरित गरी उच्च मनोबलकासाथ काम गर्ने वातावरण सिर्जना गरिनेछ ।

९) घटना दर्ता तथा समाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिमहरुको संचालन गरी प्रविधीमैत्री वनाईने छ ।

१०) व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षाकोप्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतना मुलक कार्यक्रम संचालन गर्ने नीति ल्याइने छ । सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको अभिलेखन समयमै अध्यावधिक गरिने छ ।

११) सूशासन पारदर्शिता र जवाफदेहितामा अभिबृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरी समाजिक परिक्षण र सबै आयोजना कार्यक्रमहरुमा सार्बजनिक परिक्षण र सार्वजनिक सुनवाइ कार्यक्रम समपन्न गरिने छ ।

१२) आन्तरिक लेखा परिक्षण शाखालाई प्रभावकारी बानइने छ । स्रोत साधनको मितव्ययी प्रयोग गरिने छ । प्रयोग गरेको सवारी साधनको लगबुक खडा गरिनेछ ।

१३) सरावल गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोधलाई सेवाग्राहीको हातहातमा पुर्याउन तयार गरिएको मोबाईल एप्सलाई थप सुरक्षित एवं प्रभावकारी वनाईनेछ ।

१४) सरावल गाउँनगरपालिकाको आधिकारिक वेबसाइटलाई थप व्यवस्थित एवं प्रभावकारी वनाईने छ । मासिक रुपमा भएको आम्दानी, खर्च, निर्णय एवं सूचनाहरु वेबसाइटमार्फत सार्वजनिक गरिनेछ ।

१५) गाउँपालिकाको संस्थागत बिकास तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु कार्यबिधिहरु, निर्देशिकाहरु तर्जुमा तथा संशोधन गरी कार्यान्वयनमा ल्याइने छ ।

१६) जनप्रतिनिधि तथा कमचारीहरुको आचारसहिताको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

१७) आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकासन गरि नागरिकको सुचनाको हक सुनिश्चित गर्ने नीति लिइने छ । यस गाउँपालाकालाई बेरुजु र भ्रष्टाचारमा शुन्य सहनशिलताको निति लाई निरन्तरता दिइने छ ।

१८) दलित अल्पसंख्यक जातिहरुलाई मुलप्रवाहिकरण गर्न तथा सामाजिक आर्थिक अवस्थाको विकास र सुधार गर्न सिपमुलक तालिमको व्यवस्था गरिने छ ।

१९) गाउँपालिकाले जारी गरेको नीति, ऐन, नियम र आदेशहरु पालना नगर्ने व्यक्तिहरुको वडागत सुची तयार गरी गाउँपालिका तथा वडा कार्यालय मार्फत प्रदान गरिने सेवासुविधाहरुमा त्यस्ता व्यक्तिहरुलाई सहभागी नगराईने निती अवलम्वन गरिनेछ ।

२०) LISA का सुचकहरू पुरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२१) पञ्जिकरण तथा घटना दर्ता अभियानलाइ बैज्ञानिक, व्यवस्थित र भरपर्दो बनाउन डिजिटाइजेशन कार्यलाइ निरन्तरता दिइ कार्यसम्पादन गरिनेछ ।

धन्यवाद !!!